**मिति: २०८३।०४।१८ गते** **गाउँ कार्यपालिका** **बैठक नं. १३**

आज मिति २०८३।०४।१८ गते सोमबारका दिन बिहान ११:०० बजे यस बागमती गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

| क्र. सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सर्केश घलान | अध्यक्ष | [signature] |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | [signature] |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | [signature] |
| ५ | श्री कमान सिँ पाख्रिन, ०३ नं. वडाध्यक्ष | सदस्य | [signature] |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | [signature] |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | [signature] |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | [signature] |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | [signature] |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | [signature] |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | [signature] |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | उर्मिला |
| १६ | श्री भगवती माया माझी | सदस्य | भगवती |
| १७ | श्री सुनिता नेगी | सदस्य | [signature] |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

बैठक नं १३

मिति: २०८३।०४।१८ गते

गाउँ कार्यपालिका

| क. सं. | प्रस्तावित विषयहरु | कैफियत |
|---|---|---|
| १ | विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा। | |
| २ | बागमती गाउँपालिकाको स्थानीय दररेट स्वीकृत सम्बन्धमा। | |
| ३ | बागमती गाउँपालिकाको बार्षिक खरिद योजना सम्बन्धमा। | |
| ४ | भोगाधिकार प्राप्त गरी जग्गा लिजमा लिने सम्बन्धमा। | |
| ५ | चौमासिक खर्च सम्बन्धमा। | |
| ६ | योजनाहरुको भेरिएशन सम्बन्धमा। | |
| ७ | नदीजन्य पदार्थको ठेक्का आह्वान सम्बन्धमा। | |
| ८ | भूमिको बर्गीकरण सम्बन्धमा। | |
| ९ | विविध। | |

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुरभुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

सर्केश घलान
अध्यक्ष

**मिति: २०८३।०४।१८ गते** **गाउँ कार्यपालिका** **बैठक नं. १३**

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुरभुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

## निर्णयहरु

### निर्णय नं. ०१

**प्रस्तावित विषय नं. ०१** माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

### निर्णय नं. ०२

**प्रस्तावित विषय नं. ०२** माथि छलफल गर्दा बागमती गाउँपालिकाको स्थानीय दररेट निर्धारण समितिको मिति २०८३/०४/१७ र १८ गतेको निर्णयबाट आ.व. २०८३/०८४ का लागि ***अनुसूची-१*** अनुसारको बागमती गाउँपालिकाको स्थानीय दररेट एवं सोसँग सम्बन्धित दररेट विश्लेषण आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा उक्त स्थानीय दररेट सर्वसम्मतिमा स्वीकृत गरी कार्यान्वयन गर्ने सर्वसम्मतिमा निर्णय गरियो। साथै मिति २०८३/०४/१७ र १८ गतेको स्थानीय दररेट समितिको सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

### निर्णय नं. ०३

**प्रस्तावित विषय नं. ०३** माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ.व. २०८३।०८४ को बार्षिक नीति, कार्यक्रम तथा बजेटमा उल्लिखित कार्यक्रम एवं बजेटको प्रभावकारी रुपमा योजनाबद्ध ढंगबाट कार्यान्वयन गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयले तयार पारी कार्यालय प्रमुख मार्फत आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको ***अनुसूची-२*** बमोजिमको बागमती गाउँपालिकाको आ.व. २०८३।०८४ को बार्षिक खरिद योजना स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो। साथै बार्षिक खरिद योजनाको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो।

१. बजेट निकासा, विभिन्न परिस्थितिजन्य कारणहरुले बार्षिक खरिद योजना बमोजिम कार्यान्वयनमा समस्या देखिएमा गाउँ कार्यपालिका र गाउँ कार्यपालिकाको कार्यालयले समयावधिका आधारमा सोको Spirit लाई मध्यनजर गर्दै कार्यान्वयन समयावधिमा आवश्यक परिमार्जन सहित संशोधन गरी कर्यान्वयन गर्ने।

२. सकेसम्म निर्धारित बार्षिक खरिद योजना बमोजिम नै कार्यान्वयन प्रक्रिया अगाडि बढाउन कर्मचारी र जनप्रतिनिधिको समन्वय र सहकार्यमा यथेष्ट प्रयास गर्ने।

३. कार्यान्वयनको क्रममा बार्षिक खरिद योजना गाउँ कार्यपालिकाको कार्यालयले औचित्यको आधारमा परिमार्जन गर्न सक्ने र सोको जानकारी गाउँ कार्यपालिकालाई गराउने।

४. बार्षिक खरिद योजनामा समावेश नभएका विभिन्न सरकारी एवं गैह्र सरकारी संघ-संस्थाको बजेट कार्यालय सँगको प्रत्यक्ष एवं प्रभावकारी समन्वयमा कार्यान्वयन गर्ने।

५. बार्षिक खरिद योजना बमोजिम प्रत्येक शाखाले त्रैमासिक/चौमासिक योजना बनाई समन्वयात्मक ढंगबाट चुस्त र प्रभावकारी कार्यानवयन गर्ने।

सर्केश घलान
अध्यक्ष

मिति: २०८३।०४।१८ गते    गाउँ कार्यपालिका    बैठक नं. १३

(छाप: बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झुरझुरे, मकवानपुर नेपाल)

**निर्णय नं. ०४**

**प्रस्तावित विषय नं. ०४** माथि छलफल गर्दा बागमती गाउँ कार्यपालिकाको कार्यालय एवं मातहतका कार्यालयहरुले विगत लामो समयदेखि उपयोग गर्दै आएको तर जग्गाको भोगाधिकार प्राप्त नभएका देहायानुसारका ऐलानी जग्गाहरुको नेपाल सरकारबाट भोगाधिकार प्राप्त गरी लागि लिजमा लिने प्रयोजनार्थ आवश्यक प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

देहाय

| क्र.सं. | जग्गा उपयोग गर्ने निकायको नाम | जग्गाको विवरण | | | | | उपयोगको वर्तमान अवस्था | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गाउँपालिका | वार्ड नं./ सिट नं. | कि.नं. | क्षेत्रफल | | |
| १ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ४ | २ | ०-८-१८ | कभर्ड हल | |
| २ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ४ | ६ | २-६-२ | सहिद स्मृति रंगशाला | |
| ३ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ४ | ७ | ०-१८-१४ | महाबुद्ध आ.वि. झुरझुरे | |
| ४ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ४ | ९ | ०-२-१८ | झुरझुरे प्रहरी चौकी | |
| ५ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ४ | १० | ०-०-१० | बागमती गा.पा. | |
| ६ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ४ | ११ | ०-४-२ | झुरझुरे हाट बजार | |
| ७ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ४ | १२ | ०-३-७ | सहिद स्मृति प्रतिष्ठान | |
| ९ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ४ | १०४४ | १-१-१३ | जनकल्याण आ.वि., लम्कना | |
| १० | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ४ | १३९८ | ०-२-१३ | सुर्योदय आ.वि. साततले | |
| ११ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ६ | ४६४ | ०-५-१० | ऋशेश्वर आ.वि. साईटार | |
| १२ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ६ | १०७४ | ०-८-१५ | गुम्बा पिप्ले | |
| १३ | बागमती | मकवानपुर | बागमती गा.पा. | ६ | ३२२ | ०-१०-० | शान्ति आ.वि., | |

सर्केश घलान
अध्यक्ष

मिति: २०८३।०४।१८ गते　　गाउँ कार्यपालिका　　बैठक नं. १३

| | गाउँपालिका | | | | | | कायर | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ८ | १०७८ | ०-३-३ | जनता मा.वि. | |
| १५ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ८ | १०९७ ४ | १-१-३ | जनता मा. वि. स्कुल चौर | |
| १६ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ८ | १०७७ | ०-४-१७ | विद्युत कार्यालय फापरबारी | |
| १७ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ८ | १०७६ | ०-२-५ | वन कार्यालय फापरबारी | |
| १८ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ८ | १०७३ | ०-१५-१३ | जनता मा. वि. | |
| १९ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ९ | ७५ | ०-७-१६ | ज्ञान ज्योति आ.वि. शिखरकोट | |
| २० | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ९ | २८८ | ०-४-४ | गुम्बा शिखरकोट | |
| २१ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ९ | १०४ | ०-२-६ | गरमेल चर्च | |
| २२ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ९ | १७८ | ०-१-१० | वन समिति मोक्तानश्वाँरा | |
| २३ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | १ | १३४५ | २-१५-१७ | रामपुर करौंजे फुटबल ग्राउण्ड | |
| २४ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | १ | १२४० | ०-१२-६ | टंकेश्वर आ.वि. | |
| २५ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | १ | ४४४ | ०-८-० | सम्झना हाट बजार | |
| २६ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | १ | ४४० | ०-२-२ | स्वास्थ्य चौकी | |
| २७ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | १ | ४४१ | ०-३-१९ | राई संग्राहलय | |
| २८ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | १ | ४४२ | ०-१-१० | गुम्बा माझगाउँ | |
| २९ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | १ | ११ | ०-११-१८ | बाल बिकास आ.वि. | |
| ३० | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | १ | १३ | ०-१-१९ | शक्ति महिमा चर्च | |
| ३१ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | १ | ८८६ | २-७-५ | चिहान घाट | |

सर्केश घलान
अध्यक्ष

मिति: २०८३।०४।१८ गते गाउँ कार्यपालिका बैठक नं. १३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३२ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | १ | ११२८ | ०-८-८ | टंकेश्वर आ.वि. | |
| ३३ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | १ | ३ | ०-१४-१४ | गुम्बा करौंजे | |
| ३४ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ३ | २५५ | ०-१६-६ | ज्ञान मन्दिर आ.वि. | |
| ३५ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ३ | ५० | ०-३-३ | गढन स्वास्थ्य चौकी | |
| ३६ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ३ | ४२३ | १-५-१३ | गढन फुटबल मैदान | |
| ३७ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ३ | २७९ | ०-३-२ | गुम्बा गढन | |
| ३८ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ८ | १०३ | ०-५-१५ | माथिल्लो भुबनचुली सरस्वती आ.वि. | |
| ३९ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ८ | ४८८ | १-१-१३ | वन देवि आ.वि. भुबनचुली | |
| ४० | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ८ | ३६६ | ०-११-५ | गुम्बा भुबनचुली | |
| ४१ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ८ | १९२८ | ०-३-१२ | जनता मा.बि. | |
| ४२ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | २ | ३० | ०-४-१२ | अम्बर आ.वि. रामचुवा | |
| ४३ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | २ | ८१० | ०-९-३ | श्री बुद्धि सिद्धी आ.वि. डोटे | |
| ४४ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | २ | १०४९ | ०-२-१४ | जनज्योति आ.वि., भिमाद | |
| ४५ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | २ | १३२३ | ०-२-१० | मन्दिर भुर्कुसटोल | |
| ४६ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ५ | १०३ | ०-१-४ | प्रहरी चौकी भोर्लेनी | |
| ४७ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ७ | ४५ | ०-१-१२ | पशुपति वन भबन | |
| ४८ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ७ | ३३० | ०-१-० | कैलाश सामुदायिक वन | |
| ४९ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ७ | ११०४ | ३-३-५ | चौरा आ.बि. | |

सर्केश घलान
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५० | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ५ | १५० | ४-१०-० | औद्योगिक ग्राम/क्षेत्र निर्माण एवं संचालन | |
| ५१ | बागमती गाउँपालिका | मकवानपुर | बागमती गा.पा. | ५ | १५१ | ६-७-० | औद्योगिक क्षेत्र | |

***निर्णय नं. ०५***

**प्रस्तावित विषय नं. ०५** माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ.व. २०८२।०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा उल्लिखित कार्यक्रम अन्तर्गत सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजश्व बाँडफाँड, प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, प्रदेश सवारी कर, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, आन्तरिक स्रोतबाट प्राप्त आय, अघिल्लो आ.व. को मौज्दात (अ.ल्या), गत विगत आ.व. को दायित्व भुक्तानी, विभिन्न गैरसरकारी संघ/संस्था सँगको समन्वय, सहयकार्य र साझेदारीमा गरिने बजेट तथा कार्यक्रमहरु लगायत गाउँपालिकामा तेस्रो चौमासिक (मिति २०८२।१२।०१ देखि २०८३।०३।३२ सम्म) अवधिमा प्राप्त ***अनुसूची-३*** बमोजिमको चौमासिक आम्दानी प्रतिवेदन र ***अनुसूची-४*** अनुसारको खर्च विवरण स्वीकृत गरी अनुमोदन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

***निर्णय नं. ०६***

**प्रस्तावित विषय नं. ०६** माथि छलफल गर्दा चालु आ.व. २०८३/०८४ को बार्षिक नीति, कार्यक्रम तथा बजेट अन्तर्गत विनियोजित योजनाको लक्ष्य तथा उद्देश्य, योजनाको प्रकृति, योजना कार्यान्वयनको वर्तमान अवस्था, गुणस्तर र परिमाण, योजनाको दिगोपना, प्रचलित कानुन, योजना कार्यान्वयनको अनिवार्यता लगायतका आवश्यकता एवं औचित्यताको आधारमा चालु आ.व. २०८३।०८४ को बार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनका क्रममा देहायानुसारका विकास निर्माणका आयोजनामा भएका भेरिएशनलाई स्वीकृत गर्ने।

<u>देहाय</u>

क) आ.व. २०८१/०८२ देखिको क्रमागत योजना तथा कार्यक्रम अन्तर्गत **"क्रसर निर्माण"** Project Title **"Construction, Installation, Testing and Commissioning of 100 TPH Crushing Plant at Bagmati, Makwanpur"**, IFB no: **BRM/NCB/TEND/010/2081/082** कार्यान्वयानार्थ मिति २०८२/०५/१९ गते बागमती गाउँ कार्यपालिकाको कार्यालय र **MARSYANGDI-APPLIED JV, Kathmandu** का बीच ने. रु. ५,१९,५९,०७३।९४(अक्षेरेपि पाँच करोड उन्नाइस लाख उनानपचास हजार त्रिहत्तर रुपैयाँ चौरानब्बे पैसा मात्र भ्याट र PS समेत) मा सम्झौता भइ निर्माण कार्य अन्तिम चरणमा पुगेकोमा उक्त क्रसर निर्माण योजनाको लक्ष्य एवं उद्देश्य, सोको उपयोगिता, प्राविधिक राय तथा सिफारिस, अवस्थिति एवं स्थानको आधारमा ***अनुसूची-५*** मा उल्लिखित भेरिएशन आदेशलाई स्वीकृत गरी सोही बमोजिम कार्य गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

सर्केश घलान
अध्यक्ष

ख) आ.व. २०८२/०८३ देखिको क्रमागत योजना तथा कार्यक्रम अन्तर्गत **"गुन्द्रुक खोला खानेपानी आयोजना"** Project Title **"Construction of water supply system at Gundruk khola"**, IFB no: **BRM/NCB/WORKS/008/2082/083** कार्यान्वयानार्थ मिति २०८३/०२/०४ गते बागमती गाउँ कार्यपालिकाको कार्यालय र **Bhumesthan-Lama Joint Venture, Bouddha-06, Kathmandu** का बीच ने. रु. २,०४,४७,६७८।८१ (अक्षरेपि दुई करोड चार लाख सत्चालीस हजार छ सय अठहत्तर रुपैयाँ एकासी पैसा भ्याट र PS समेत) मा सम्झौता भइ निर्माण कार्य अन्तिम चरणमा पुगेकोमा उक्त गुन्द्रुक खोला खानेपानी आयोजनाको लक्ष्य एवं उद्देश्य, सोको उपयोगिता, प्राविधिक राय तथा सिफारिस, अवस्थिति एवं स्थानको आधारमा ***अनुसूची-६*** मा उल्लिखित भेरिएशन आदेशलाई स्वीकृत गरी सोही बमोजिम कार्य गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

***निर्णय नं. ०७***

**प्रस्तावित विषय नं. ०७** माथि छलफल गर्दा बागमती गाउँपालिकाको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा लगायत) को आन्तरिक आय ठेक्का मार्फत विक्री गरी गाउँपालिकाको आन्तरिक राजश्वलाई मजबुत बनाउन र सोको अभिवृद्धि गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) ले निर्दिष्ट गरेका देहायका विन्दुहरुबाट यस गाउँपालिकाको गत विगत आ.व. मा संकलित राजश्वको आधार, नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री एवं प्रयोगको गत विगतको अवस्था, बजारीकरण लगायतका विषयहरुलाई समेत दृष्टिगत गरी प्रचलित कानुनको अधीनमा रहि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले निर्दिष्ट गरेका ***अनुसूची-७*** अनुसार विन्दुहरुमा उल्लिखित परिमाण भन्दा बाहेक नदीजन्य पदार्थको उत्खनन् नहुने गरी प्रचलित कानुन बमोजिम ठेक्का आह्वान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो। साथै गाउँपालिका अन्तर्गत चालु आ.व. मा संचालित सङ्घीय, प्रादेशिक र गाउँपालिका स्तरीय लगायतका आयोजना कार्यान्वयनको बर्तमान अवस्थालाई मध्यनजर गर्दै ठेक्का आह्वान गरिने विन्दुहरु बाहेकका IEE प्रतिवेदनमा उल्लिखित विन्दुहरुबाट मात्र प्रयोग हुने गरी आयोजनाको लागत अनुमानमा उल्लिखित परिमाणको आधारमा यकिन गरी शुल्क लिन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

***निर्णय नं. ०८***

**प्रस्तावित विषय नं. ०८** माथि छलफल गर्दा यस बागमती गाउँपालिका क्षेत्रभित्रका वडाहरुमा प्रचलित कानुन बमोजिम जग्गा बर्गीकरण गर्ने प्रयोजनार्थ उक्त जग्गा बर्गीकरणको कार्यलाई प्रभावकारी बनाई प्राविधिक दृष्टिकोणबाट समेत उचित र उपयुक्त हुने गरी कार्य गर्न, गराउन यस गाउँपालिकामा उपलब्ध जनशक्तिलाई सम्बन्धित सरोकारवाला निकायहरुको समन्वय, सहकार्य र सहजीकरणमा आवश्यक तालिम प्रदान गरी जग्गा बर्गीकरणको कार्यलाई सम्पन्न गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

***निर्णय नं. ०९***

**प्रस्तावित विषय नं. ०९ विविध** माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा आगामी गाउँ कार्यपालिकाको बैठक बस्ने सर्वसम्मतिमा निर्णय गरियो।

सर्केश घलान
अध्यक्ष